# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २९ ] काठमाडौं, असार १५ गते २०३६ साल [ अतिरिक्ताङ्क २२


## राष्ट्रिय चुनाव आयोगको

## सूचना

श्री ५ महाराजाधिराजबाट स्वीकृत गरी बक्सेको मतदाता नाम संग्रह नियमावली सर्वसाधारणको जानकारीका लागि प्रकाशित गरिएको छ।

### मतदाता नाम संग्रह नियमावली, २०३६

जनमत संग्रहको लागि मतदाताहरूको नाम संग्रह गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वान्छनीय भएकोले,

राष्ट्रिय चुनाव आयोगले बनाएको देहायका नियमहरूमा श्री ५ महाराजाधिराजबाट स्वीकृति प्रदान गरी बक्सेको छ।

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भः (१) यी नियमहरूको नाम "मतदाता नाम संग्रह नियमावली, २०३६" रहेको छ।

(२) यो नियमावलीको विस्तार नेपाल अधिराज्यभर हुनेछ।

(३) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमाः–

(क) "जनमत संग्रह" भन्नाले श्री ५ महाराजाधिराजबाट २०३६ साल जेष्ठ १० गते बक्सेको शाही घोषणाबमोजिम वालिग मताधिकारको आधारमा [illegible] प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) "आयोग" भन्नाले श्री ५ महाराजाधिराजबाट गठन गरी बक्सेको राष्ट्रिय चुनाव आयोग सम्झनु पर्छ ।

(ग) "मतदाता" भन्नाले नियम ६ बमोजिमको व्यक्ति सम्झनु पर्छ ।

(घ) "अधिकृत" भन्नाले नियमावलीबमोजिम नियुक्त भएको वा खटिएको अधिकृत सम्झनु पर्छ ।

३. नाम संग्रहको साधारण सूचना: जनमत संग्रहको लागि आयोगले कुन मितिदेखि मतदाताको नाम संग्रह गर्ने कार्य शुरू गर्ने हो सो कुरा निश्चित गरी सर्वसाधारणको जानकारीको लागि नेपाल राजपत्रमा सूचना प्रकाशित गर्नेछ ।

४. क्षेत्र विभाजन: आयोगले मतदाताको नाम संग्रहको लागि क्षेत्र विभाजन गर्न सक्नेछ र त्यसको सूचना नेपाल राजपत्रमा प्रकाशित गर्नेछ ।

५. अधिकृतको नियुक्ति: (१) आयोगले मतदाताको नाम संग्रहको निमित्त प्रत्येक क्षेत्रमा एकजना अधिकृत नियुक्त गर्न वा खटाउन सक्नेछ ।

तर एकभन्दा बढी क्षेत्रको लागि एकैजना अधिकृतबाट नाम संग्रहको कार्य गराउन बाधा पर्ने छैन ।

(२) आयोगले मतदाताको नाम संग्रहको लागि अन्य कर्मचारीहरू पनि नियुक्त गर्न वा खटाउन सक्नेछ ।

(३) आयोगले अन्य कर्मचारी नियुक्त गरेको वा खटाएको अवस्थामा बाहेक उपनियम (१) बमोजिम नियुक्त भएको वा खटिएको अधिकृतले आयोगको निर्देशनको अधीनमा रही आवश्यकतानुसार अन्य कर्मचारीहरू नियुक्त गर्न वा खटाउन सक्नेछ ।

(४) उपनियम (२) वा (३) बमोजिम नियुक्त भएको वा खटिएको कर्मचारीलाई उपनियम (१) बमोजिम नियक्त अधिकृतले आफ्नो सबै वा केही अधिकार प्रत्यायोजन गर्न सक्नेछ ।

(५) उपनियम (१), (२) र (३) बमोजिम अधिकृत र अन्य कर्मचारीहरू नियुक्त गर्दा वा खटाउँदा सरकारी वा गैरसरकारी व्यक्तिमध्येबाट नियुक्त गरिने वा खटाइनेछ।

६. मतदाता: यस नियमावलीबमोजिम तयार गरिने मतदाताको नामावलीमा देहायबमोजिमका व्यक्तिको मात्र नाम संग्रह गरिनेछ ।

(क) नेपाली नागरिक,

(ख) २१ वर्षको उमेर पुगेको ।

तर फौज्दारी अभियोगमा दोषी ठहरी कैदको सजाय भोगिरहेको व्यक्ति र बहुला वा मगज बिग्रेको व्यक्तिको नाम मतदाता नामावलीमा सामेल गरिने छैन ।

स्पष्टीकरण: "२१ वर्षको उमेर पुगेको" भन्नाले २०३६ साल जेष्ठ १० गतेको दिनमा २१ वर्षको उमेर पूरा गरेको व्यक्तिलाई सम्झनु पर्छ ।

२०५

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

७. मतदाता नामावली: मतदाताहरूको नामावली आयोगले तोकिदिएबमोजिम तयार गरिनेछ।

८. एक क्षेत्रको मतदाता नामावलीमा मात्र नाम दर्ता गर्न पाउने: एकभन्दा बढी क्षेत्रमा वा एकै क्षेत्र अन्तरगत एकभन्दा बढी ठाउँमा घरबास भएको वा बसोबास गरेको वा अन्य कुनै व्यक्तिले पनि कुनै एकक्षेत्र अन्तरगतको एकै ठाउँको मतदाता नामावलीमा मात्र आफ्नो नाम दर्ता गराउन सक्नेछ।

९. मतदाता नामावलीको प्रकाशन: अधिकृतले मतदाता नामावली आयोगले तोकिदिएबमोजिम प्रकाशित गर्नेछ।

१०. मतदाता नामावलीमा दावी गर्ने: नियम ९ बमोजिम प्रकाशित मतदाता नामावलीमा कसैको नाम छुट भएमा वा कुनै व्यहोरा सच्याउन चाहेमा सम्बन्धित मतदाताले छुट भएको नाम दर्ता गराउन वा प्रकाशित व्यहोरा सच्याउन अधिकृतसमक्ष लिखित रूपमा दावी गर्न पाउने-छ।

११. मतदाता नामावलीमा विरोध गर्न पाउने: (१) नियम ९ बमोजिम प्रकाशित मतदाता नामावलीमा प्रकाशित भएको कसैको नाम मतदाता होइन भन्ने जिकीर लिई नाम कटाउन विरोध गर्न पाइनेछ।

(२) उपनियम (१) बमोजिमको विरोध सम्बन्धित मतदाता नामावलीमा नाम प्रका-शित भएको मतदाता बाहेक अरूले गर्न पाउने छैन।

(३) विरोध गर्ने मतदाताले पाँच रूपैयाँ धरौट प्रमाणसमेत साथै राखी अधिकृत–समक्ष निवेदन दिनु पर्नेछ। विरोध ठीक नठह्रेमा धरौट जफत हुनेछ।

१२. दावी वा विरोध गर्ने म्याद: मतदाता नामावलीमा नियम १० बमोजिम नाम दर्ता गराउन वा कुनै व्यहोरा सच्याउन वा नियम ११ बमोजिम विरोध गर्न मतदाता नामावली प्रकाशित भएको मितिले पच्चीसदिनको म्याद पाउनेछ। सो म्यादभित्र दावी वा विरोध गरिसक्नु पर्नेछ। म्याद नाघेपछि परेको दावी वा विरोध उपर कारवाई हुने छैन।

१३. मतदाता नामावली सच्याउने अधिकार: (१) नियम १० वा नियम ११ बमोजिम मतदाता नामावलीमा छुट भएको नाम दर्ता गर्न, कुनै व्यहोरा सच्याउन वा दर्ता भएको नाम कटाउन प्राप्त भएसम्मको सबै सबुद प्रमाण जाँचबुझ गरी अधिकृतले त्यसको अन्तिम निर्णय गर्नेछ र सो निर्णय अनुसार मतदाता नामावलीमा हेरफेर गर्नु परेमा आवश्यक हेरफेरसमेत गर्नेछ।

तर कुनै मतदाताको नाम मतदाता नामावलीबाट कटाउनु पर्दा सम्बन्धित मतदा-तालाई आफ्नो सफाई पेश गर्ने मौकाबाट बञ्चीत गरिने छैन

(२) उपनियम (१) बमोजिम सफाई पेश गर्ने मौका दिंदा अधिकृतले अवस्था हेरी बढीमा दशदिनसम्मको म्याद दिनेछ।

(३) मतदाता नामावलीबाट नाम कटाउन विरोध गरिएको मतदाता सम्बन्धित क्षेत्रबाट अन्यत्र गइरहेको अवस्थामा निजको एकाघरको परिवारको कुनै सदस्यले निजको तर्फबाट [illegible] सफाई पेश गर्न सक्नेछ। [illegible] प्रकाशित २०५८ पछि मात्र लागु हुनेछ।

१४. अन्तिम मतदाता नामावली प्रकाशनः नियम १३ बमोजिम मतदाता नामावली सच्याइ सकेपछि अधिकृतले अन्तिम मतदाता नामावली प्रकाशित गर्नेछ । अन्तिम नामावलीलाई सच्याउन पाउँ भन्ने दावी लाग्ने छैन ।

तर प्रथम पटक प्रकाशित मतदाता नामावलीमा सच्याउनु नपर्ने भएमा प्रथम पटक प्रकाशित मतदाता नामावली नै अन्तिम मतदाता नामावली हुनेछ ।

१५. निर्देशन दिने अधिकारः यस नियमावलीमा लेखिएको कार्यहरू कार्यान्वयन गर्ने सिलसिलामा आयोगले अधिकृत वा अन्य कर्मचारी वा यस काममा लगाइएका व्यक्तिहरूलाई समय समयमा आवश्यक ठानेको निर्देशन दिन सक्नेछ र आयोगले दिएको निर्देशनको पालना गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

१६. सहयोग गर्नु पर्नेः मतदाता नामावली तयार गर्ने काममा आयोगलाई सबै मन्त्रालय, विभाग, कार्यालय र अदालतसमेतले सहयोग गर्नु पर्नेछ ।

१७. बचाउः यस नियमावलीबमोजिम प्रथम वा अन्तिम पटक प्रकाशित मतदाता नामावलीमा कसैको नाम परेको कारणले वा ठाडो कारवाइको परिणामस्वरूप कसैको नाम मतदाता नामावलीबाट झिकिएको कारणले मात्र निजको नागरिकताबारे प्रचलित कानूनबमोजिम हुनेमा असर पार्ने छैन ।

आज्ञाले–
भगवतीप्रसाद सिंह
अध्यक्ष,
राष्ट्रिय चुनाव आयोग

२०८

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।